# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही


प.सं. प्रशासन /०७२/०७३ मिति :– २०७२।९।७
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७२ साल मंसिर महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**मिति २०७२।८।८ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत, सि.न.पा.
श्री श्रीराम गुप्ता - शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १ (एक)**

सिद्धार्थनगर नगरपालिकाको १८ औं नगरपरिषद्को निर्णय नं २२ बमोजिम नगरपालिका र नगरविकास कोषको संयुक्त लगानीमा वार्ड नं. ५ हाटबजार क्षेत्रमा निर्माण भएको पसल कवलहरु ३(तिन) बर्षका लागि देहायको न्यूनतम बार्षिक माडामा नघट्ने गरी भाडा दर कायम गरी भाडामा लगाउने निर्णय गरियो ।

| पसल कवलको विवरण | | न्यूनतम वार्षिक भाडा रकम |
|---|---|---|
| १. पश्चिम र दक्षिण मोहडा भएको कवल नं. ३ | | ६०,०००। (साठी हजार) |
| २. पश्चिम मोहडाको (प्रवेश स्थान) कवल नं. १ र २ (प्रँति कवल ) | | ५२,०००। (बावन हजार) |
| ३. दक्षिण मोहडा(प्रवेश स्थान) कवल नं.६ र ७ को | ,, ,, | ५२,०००। (बावन हजार) |
| ४. दक्षिण मोहडा कवल नं. ४ र ५ को | ,, ,, | ४८,००० ।(अडतालिस हजार) |
| ५. भित्री दोहरो मोहडाको कवल नं. ८ र ९ को | ,, ,, | ४२,०००। (वयालिस हजार) |
| ६. भित्री पसल कवल नं. १०, ११, १२, १३, १४ र १५ को | ,, ,, | ३६,०००। (छत्तीस हजार) |

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिकाको चालु आ. व. २०७२।०७३ का लागी देहायका योजनाहरु जगेडा कोष र नगरपालिकाको सँयुक्त लगानीमा संचालन गर्ने गरी स्वीकृतिका लागी संङ्घीय मामिला तथा स्थानीय जिकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**तपसिल**

१. सि.न.पा. वार्ड नं. १ बुद्धपथ देखि चिल्ड्रेन पार्क मेडिकल कलेज हुँदै सूर्यपथको अधुरो पक्की नाला तथा सडक पिच निर्माण ।
२. सि.न.पा. वार्ड नं. ८ विद्रोही चोकदेखि देवपथ, शिवपथ, विपी पथ हुँदै मैत्रीपथ पश्चिम गल्लामण्डी देखि दक्षिण नारायण अग्रवालको घर पछाडि देखि होटेल निर्वाणा हुँदै किशोरपुर पिपरहिया सम्म पक्की नाली निर्माण ।
३. सि.न.पा. वार्ड नं. ७ हिमालीपथको अधुरो कार्य हुँदै कल्याण पथ अल्छी गोपालको घर देखि पूर्व मिश्रौलिया हुँदै उदयपुर सम्म पक्की नाली निर्माण ।
४. सि.न.पा. वार्ड नं. १० सुर्यदेव प्रा.वि. देखि दोगहरी भुजौली जोड्ने सडक हुँदै वार्ड नं. ११ वडा समितिको कार्यालयको पूर्व देखि सिसवा तर्फ जाने बाटो सडक पिच तथा नाली निर्माण ।

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिकाको आ. व. २०७३।०७४ को बजेट तथा कार्यक्रम स्वीकृतीका लागि १९ औं नगरपरिषद् बैठक मिति २०७२ साल पौष १९ गते आईतबारका दिन ३.०० बजे सिद्धार्थनगर नगरपालिका कार्यालयमा आयोजना गर्ने निर्णय गरियो ।

**मिति २०७२।८।२१ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १(एक)**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना अन्तर्गत सञ्चालित Improvement and Development of Storm Water Drainage and Road Sub-project (IUDP/DR/SDN/ICB-01) का निर्माण व्यवसायी China Guangzhou - Sharma & Co. Pvt. Ltd. JV संग भएको सम्झौतामा तत्कालिन अवस्थामा रकम अभावका कारण मैत्रीपथ, खजहनापथ, जनकपथ, उदयपुरपथ, गल्लामण्डी सडक र नारायणपथमा सडकको दुवै तर्फ खानेपानीको लाईन विस्तार गर्नको लागि रकम विनियोजन नगरिएको अवस्थामा उक्त कार्य गर्न अति आवश्यक भएकोले यस नगरपालिकाको मिति २०७२।७।२ को निर्णय अनुसार Variation Order-01 जारी गर्न सहमतीका लागि PCO मार्फत ADB मा पठाईएकोमा PCO को Ref. No. 5.8/072-73/102 मिति 6 December 2015 को पत्रबाट प्राप्त सुझाव समेतका आधारमा परिमार्जन गरी परामर्शदाताबाट पेश भएको Variation Order-01 मा उल्लिखित दररेटमा निर्माण व्यवसायी र नगरपालिका विच मिति २०७२।८।२१ मा Rate Negotiation भई सहमती समेत भएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २९ बमोजिम उक्त बाँकी कार्य निर्माण कार्य संगसंगै (paralally) जाने भएकोले सम्झौता समय थप गर्न नपर्ने देखिएको र सो का लागि आवश्यक पर्ने रकम आयोजनाको Contengencies बाट व्यहोर्न सकिने देखिएको हुँदा परामर्शदाताबाट पेश भएको मूल्य अभिबृद्धि कर सहित रु. २,७७,२६,९६२।५५ को Variation Order-01 जारी गर्न उपयुक्त देखिएको साथै उक्त आदेशानुसार थप हुने रकम सम्झौता रकम भन्दा ३.४८ प्रतिशत बढी रहेको र यसबाट कुल सम्झौता रकम रु.८२,४५,०२,६६४।४३ (मू.अ. कर समेत) हुने हुँदा सो अनुसार Variation Order-01 स्वीकृत गर्न सहमतीका लागि पुनः PCO मार्फत ADB मा पठाउने निर्णय गरियो ।


"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np